आज मिति २०८३ साल जेठ ४ गते विहान ८:०० बजे सोमवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ७३ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यूको कमजोर स्वास्थ्य अवस्थाका कारण निजको अनुपस्थितिमा गाउँपालिका उपाध्यक्ष एवम् कार्यवाहक अध्यक्ष श्री देवीराम वडुवाल ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | अनुपस्थित |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| सहयोगी कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत सातौं | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | लेखा अधिकृत छैटौं | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री प्रकाश कोइराला | रोजगार संयोजक | ठाँटीकाँध गापा दैलेख | |
| ४ | उमेश शाही | कम्प्युटर अपरेटर | ठाँटीकाँध गापा दैलेख | |
| ५ | | | | |
| | | | | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०२/०४ गतेको ७३ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं.२

मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमका लागि योजना छनोट गरी पठाउने संम्वन्धमा ।

प्रस्ताव नं.३

सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण सम्वन्धमा ।

प्रस्ताव नं ४

अन्य विविध समसायिक विययहरु

१) मर्यादित महिनावारी सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन सम्वन्धमा ।

२) रोजगार संयोजक प्रकाश कोइरालालाई स्थानीय भत्ता दिने सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन बारे समिक्षा भयो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनमा तदारुकता कायम गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाउँने र स्वीकृत योजना तथा कार्यक्रम तर्फचालु खर्च भुक्तानीका लागि मिति २०८३ आषाढ १० गतेभित्रै सम्पन्न गरी मिति २०८३।०३।१५ गतेसम्म र पुँजीगत खर्च भुक्तानीका लागि मिति २०८३।०३।१५ सम्म कागजात पेश गर्ने र मिति २०८३।०३।२० गतेभित्रै अनिवार्य रुपमा कागजात पेश गर्न सवै वडा कार्यालय, विषयगत शाखा,निर्माण व्यावसायी र उपभोक्ता समितिलाई जानकारी दिने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा श्री कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुर्खेतको प सं २०८२।०८३,चलानी नं ३०१० र मिति २०८३।०१।२२ को सुचना अनुसार कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस गरी पठाउने भन्ने प्राप्त पत्र र यस कार्यालयवाट मिति २०८३।०१।२३ मा वडा कार्यालयहरुलाई योजना छनोट गरी पठाउन पत्राचार गरिएकोमा वडा कार्यालयहरुबाट वडा समितिको बैठकको निर्णय सहित योजना सिफारिस भई आएकोमा

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

सोही अनुसारका योजना पछि संशोधन वा परिमार्जन नगर्ने गरी सिफारिस सहित श्री कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुर्खेतमा पठाउने निर्णय गरियो ।

तपसिल

| क सं | कार्यक्रम/आयोजनाको नाम | वडा नं | आयोजनास्थल | प्रस्तावित रकम रु | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पानीटंकी सुचियाँ भुक्षय नियन्त्रणका लागि तटबन्ध निर्माण | १ | सुँचिया | १५ लाख | तटबन्ध निर्माण | |
| २ | डोहोलाखोदेखि तिर्तेखेत सिचांई योजना निर्माण | २ | हुईता | १५ लाख | सिचाई योजना | |
| ३ | टाटा नाँके मुहानदेखि सुईया माईकाथानसम्म खानेपानी योजना मर्मत तथा निर्माण | ३ | सुईया माईकाथान | १५ लाख | खानेपानी योजना | |
| ४ | कालिका आ वि संरक्षण तथा तटवन्ध निर्माण योजना | ४ | धनकोट | १५ लाख | तटवन्ध निर्माण | |
| ५ | आग्र पुरानो स्वास्थ्य चौकीदेखि टमट्टाटोल हुँदै लाटामन्दिरसम्म पर्यटकीय मार्ग पक्की सिंढी निर्माण योजना | ५ | आग्रदेखि लाटामन्दिर | १५ लाख | सिंढी निर्माण | |
| ६ | धौलापडा माईमन्दिर पर्यटकीय पक्की पदमार्गका लागि सिंढी निर्माण | ६ | छडाथान | १५ लाख | सिंढी निर्माण | |

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को १०० बुँदे कार्यसूची,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०८२।०८३,चलानी नं ४१२ र मिति २०८३।१।१७ परिपत्र र तत् वमोजिम जिल्ला प्रशासन कार्यालय दैलेखवाट जारी भएको प सं ०८२।८३, चलानी नं २७९७ र मिति २०८३।०१।२५ को परिपत्र समेतका आधारमा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण गरी वसेका वास्तविक सुकुम्वासीहरुको विवरण पठाउन मिति २०८३।०१।३० मा सवै वडा कार्यालयहरुमा पत्राचार भैसकेको, वास्तविक सुकम्वासी वाहेक सरकारी र सार्वजनिक जग्गा अतिक्रमण गरी वसेका अन्य नागरिकका हकमा अतिक्रमित सरकारी र सार्वजनिक जग्गा ३५ दिनभित्र हटाई सहयोग गरिदिन सरोकारवाला सवैमा सार्वजनिक सूचना मार्फत जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा

४(१). मर्यादित महिनावारी सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालनका लागि चालु आ व २०८२।०८३ मा कट्टि हुने आयोजना व्यवस्थापन शीर्षक अन्तर्गतको रकम मध्येबाट खर्च हुने गरी रु १५००००।०० को प्रस्ताव स्वीकृत गर्ने ।

४(२). रोजगार संयोजक प्रकाश कोइरालालाई गत आ व सम्म दिईदै आएको स्थानीय भत्ता चालु आ व मा संघीय सरकारवाट प्राप्त अख्तियारीमा समावेश नभएकाले चालु आ व का प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजनामा कट्टी गर्ने आयोजना व्यवस्थापन शीर्षकवाट अधिकृत छैटौं तहका लागि तोकिएको दरमा भुक्तानी दिने ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत